नार्पा भूमि गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०८ संख्याः ९ मितिः २०८१/१०/२१

भाग-२

नार्पा भूमि गाउँपालिका

## नार्पा भूमि गाउँपालिका जनप्रतिनिधि/कर्मचारी सामुहिक दुर्घटना बीमा कार्यविधि, २०८१

कार्यपालिका स्वीकृत मिति : २०८१।१०।१८

गाँउ सभाबाट अनुमोदन मिति :२०८१।१०।१८

**प्रस्तावना** : नार्पा भूमि गाँउपालिकाका निर्वाचित जनप्रतिनिधि र कर्मचारी जनताको दैनिक सेवा प्रवाहमा खटाई कर्तव्य निर्वाहका क्रममा हुनसक्ने सम्भावित दुर्घटनाबाट संरक्षण गर्न सामुहिक दुर्घटना बीमा गर्न वाञ्छनीय भएकाले, नार्पा भूमि गाँउकार्यपालिकाले नार्पा भूमि गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

१) यस नियमको नाम “नार्पा भूमि गाउँपालिका जनप्रतिनिधि/कर्मचारी सामुहिक दुर्घटना बीमा कार्यविधि, २०८१ रहेको छ।”

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२) **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) “कार्यक्रम” भन्नाले जनप्रतिनिधि/कर्मचारी सामुहिक दुर्घटना बीमा कार्यक्रमलाई सम्झनुपर्छ।

ख) “कार्यालय” भन्नाले नार्पा भूमि गाँउ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

ग) “जनप्रतिनिधि/कर्मचारी” भन्नाले स्थानीय तह निर्वाचन, २०७९, बाट नार्पा गाँउपालिकाको गाँउसभा र गाँउकार्यपालिकाको लागि निर्वाचित तथा मनोनित जनप्रतिनिधि र नार्पा भूमि गाँउकार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी तथा सेवा करारमा कार्यरत कर्मचारी जनप्रतिनिधि/कर्मचारीलाई सम्झनु पर्छ।

घ) “दुर्घटना” भन्नाले बाहिरी आँखाले स्पष्ट देखिने र साङ्घातिक माध्यमबाट आकस्मिक वा अप्रत्याशित रुपमा घट्ने घट्नालाई सम्झनुपर्छ।

ङ) “गाँउ कार्यपालिका” भन्नाले नेपालको संविधान, २०७२ को धारा २१५ बमोजिम नार्पा भूमि गाँउपालिकामा गठन हुने गाँउ कार्यपालिकालाई सम्झनु पर्छ।

च) “गाँउ सभा” भन्नाले नेपालको संविधान, २०७२ को धारा २२२ बमोजिम नार्पा भूमि गाँउपालिकामा गठन हुने गाँउ सभालाई सम्झनु पर्दछ।

छ) “बीमा सिफारिस समिति” भन्नाले कार्यविधिको दफा ६ बमोजिमको बीमा सिफारिस समितिलाई सम्झनु पर्छ।

ज) “निर्देशिका” भन्नाले दुर्घटना बीमा निर्देशिका, २०७८ र यसका संशोधनलाई सम्झनुपर्दछ।

झ) “बीमा कम्पनी” भन्नाले बीमालेख जारी गर्न अधिकार प्राप्त विमा कम्पनीलाई सम्झनुपर्छ।

ञ) “बीमालेख” भन्नाले बिमकले जारी गर्ने दुर्घटना बीमालेख, बीमालेखको तालिका, सम्पुष्टि तथा बीमालेखको संशोधनको तालिकालाई एकमुष्ट रुपमा बुझ्नु पर्छ।

ट) “बीमित” भन्नाले बीमालेखले समेट्ने जनप्रतिनिधि/कर्मचारीलाई सम्झनु पर्छ।

ठ) “सामुहिक दुर्घटना बीमा” भन्नाले बीमा कम्पनीहरुबाट गरिने निर्जिवन बीमा अन्तर्गतको सामूहिक दुर्घटना बीमालाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## दुर्घटना बीमा सम्बन्धी व्यवस्था

**३) सामुहिक दुर्घटना बीमा गरिने :**

१. नार्पा भूमि गाँउपालिका जनप्रतिनिधि/कर्मचारीहरुको कार्यालयको तर्फबाट बीमा कम्पनीसँग सम्झौता गरी सामुहिक दुर्घटना बीमा गर्न गर्नेछ ।

२. उपदफा (१) बमोजिम बीमा गर्दा जनप्रतिनिधि/कर्मचारीको छनौट बीमा सिफारिस समितिले छनौट गरी कार्यालयलाई अनुसूची- १ को ढाँचामा सिफारिस गर्न पर्नेछ ।

३. सामुहिक दुर्घटना बीमामा सहभागी हुन जनप्रतिनिधि/कर्मचारीले अनुसूची-२ को ढाँचामा आवश्यक कागजात सहि कार्यालयमा निवेदन दिनु पर्नेछ ।

४. जनप्रतिनिधि/कर्मचारी छनौटको लागि बीमा सिफारिस समितिले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

**४) बीमा कम्पनीको छनौट तथा सम्झौता :**

१. जनप्रतिनिधि/कर्मचारीको सामुहिक दुर्घटना बीमा कार्यका लागि निर्जीवन बीमा कम्पनीहरुसँग प्रस्ताव माग गरी बीम कम्पनीको छनौट गरिने छ ।

२. उपदफा (१) बमोजिम प्रस्ताव आव्हान गर्दा कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा कम्तीमा ३ वटा बीमा कम्पनीसँग प्रस्ताव गर्नु पर्नेछ ।

३. उपदफा (२) बमोजिम प्राप्त प्रस्ताव बमोजिम बीमा कम्पनीको छनौट, सामुहिक दुर्घटना बीमा अन्तर्गत प्राप्त हुने सुविधा (रक्षावरण) तथा विमाङ्क रकम स्वीकृति निर्देशित समितिबाट हुनेछ ।

४. उपदफा (३) बमोजिम छनौट हुने बीमा कम्पनीसँग कार्यालयले सम्झौता गरी बीमा सिफारिस समितिबाट स्वीकृत अन्तिम जनप्रतिनिधि/कर्मचारीको नामावली भएका जनप्रतिनिधि/कर्मचारीको स्वीकृत बीमाङ्क रकम बमोजिमको दुर्घटना बीमालेख जारी गर्नु पर्नेछ ।

५. उपदफा (४) बमोजिम स्वीकृत नामावली सरोकारवाला सबैको जानकारीको लागि कार्यलयको सूचना पार्टी र वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

६. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को सुविधालाई प्रयोग गरी सरकारी बीमा

कम्पनीसँग सोझै प्रस्ताव माग गरी स्वीकृतिका लागि बीमा सिफारिस समितिमा पेश गर्न सकिनेछ ।

**५) बीमाङ्क रकम तथा बजेटको व्यवस्था :**

१) दफा ४ र दफा ५ बमोजिम सामुहिक दुर्घटना बीमा कार्यक्रमका लागि कार्यालयले वार्षिक बजेट तथा कार्यक्रममा आवश्यक बजेटको व्यवस्था गर्नेछ ।

२) उपदफा (१) बमोजिम बजेटको सीमा भित्र बीमा सिफारिस समितिबाट स्वीकृत प्रस्ताब र बीमाङ्कले खेप्ने संख्यामा पहिलो क्रमसंख्यामा रहेका जनप्रतिनिधि/कर्मचारीहरुको कार्यालयले बीमा कम्पनीसँग सम्झौता गर्न पर्नेछ ।

३) कार्यालयले वार्षिक विनियोजन गरेको बजेट सीमाका कारण कार्यालयबाट सिफारिस भएका सबै जनप्रतिनिधि/कर्मचारीलाई कार्यक्रममा सहभागी गराउन नसकिने अवस्थामा बीमा सिफारिस समितिको निर्णयानुसार कार्यालय वा सम्बन्धित जनप्रतिनिधि/कर्मचारीबाट नपुग रकमको हिस्सा उठ्ने गरी लागत साझेदारीमा सामुहिक दुर्घटना बीमा गर्न सकिनेछ ।

## परिच्छेद-३

## बीमा सिफारिस समिति तथा दायित्व सम्बन्धि व्यवस्था

**६) बीमा सिफारिस समिति :**

१. कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि एक बीमा सिफारिस समिति रहनेछ ।

२. बीमा सिफारिस समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| गाँउ प्रमुख, नार्पा भूमि गाँउपालिका | -संयोजक |
| अध्यक्ष, सुशासन समिति, नार्पा भूमि गाँउपालिका | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, कार्यालय | -सदस्य |
| सूचना अधिकारी, कार्यालय | -सदस्य सचिव |

३. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिले गाँउ उप-प्रमुख, छनौट हुने बीमा कम्पनीले तोकेको प्रतिनिधि र अन्य विषय विज्ञलाई आफ्नो बैठकमा आमन्त्रण  गर्न सक्नेछ ।

५. समितिका सदस्यहरुलाई नार्पा भूमि गाँउपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ बमोजिम बैठक भत्ता र मसलन्द उपलब्ध हुनेछ ।

**७) बीमा सिफारिस समितिको काम, कर्तव्य र अधिकार :**

१) बीमा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) सामुहिक जनप्रतिनिधि/कर्मचारी दुर्घटना बीमा कार्यक्रमका लागि प्रस्ताव, स्किम बमोजिम बीमा कम्पनी छनौट गर्ने ।

ख) सामुहिक जनप्रतिनिधि/कर्मचारी दुर्घटना बीमा कार्यक्रमका लागि वार्षिक स्वीकृत बजेटको परीधिभित्र रही विमाङ्क रकम स्वीकृत गर्ने ।

ग) स्वीकृत बिमाङ्क रकम बमोजिम कार्यक्रमको लागि लाभग्राहीहरुको अन्तिम नामावली स्वीकृत गर्ने ।

घ) कार्यक्रम कार्यान्वयन सन्दर्भमा नीतिगत निर्णय गर्ने, समन्वय तथा सहजीकरण गर्ने ।

**८) बीमा कम्पनीको दायित्व :**

**सामूहिक जनप्रतिनिधि/कर्मचारी दुर्घटना बीमाको लागि छनौट हुने बीमा कम्पनीको दायित्व देहाय बमोजिम हुनेछ :**

१. कार्यालयले मागेको ढाँचामा सामूहिक जनप्रतिनिधि/कर्मचारी दुर्घटना बीमाको लागि निर्धारित समयभित्र कार्यालयमा प्रस्ताव पेश गर्ने ।

२. जनप्रतिनिधि/कर्मचारीहरुको अधिकत्म हित प्रवर्द्धन हुने गरी दुर्घटना बीमा निर्देशिका, २०७८ ले निर्धारण गरेका सुविधा (रक्षावरण) र अन्य थप सुविधाहरु उपलब्ध गराउने ।

३. कार्यालयसँग सम्झौता गरि अविलम्ब बीमा सिफारिस समितिबाट अन्तिम छनौट भएको प्रस्ताव र जनप्रतिनिधि/कर्मचारीको नामावली बमोजिमका जनप्रतिनिधि/कर्मचारीहरु समेटिने गरी बीमालेख जारी गर्ने ।

४. बीमा रकम दाबीमा उच्च प्राथमिकता र संवेदनशीलता देखाई बीमा भुक्तानी गर्ने ।

५. बीमा भक्तानीको वार्षिक प्रतिवेदन कार्यालय र कार्यालयमा पेश गर्ने ।

## परिच्छेद-४

**९) प्रतिवेदन :**

१) कार्यक्रम कार्यान्वयनको अवस्था विश्लेषण सहित वार्षिक प्रतिवेदन कार्यालयले तयार गरी समिति मार्फत गाँउ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा कार्यालयले कार्यक्रम परिमार्जन, विस्तार वा खारेजी गर्नेछ ।

**१०) विमाङ्क रकम भुक्तानी :**

बीमा सम्झौतामा हस्ताक्षर सम्पन्न भए पश्चात् सम्झौता बमोजिमको विमाङ्क रकम कार्यालयले छनौट भएको बीमा कम्पनीको आधिकारिक बैंक खातामा भुक्तानी गर्नेछ ।

**११) कानून बमोजिम हुने :**

यस कार्यविधिमा उल्लेख भएका विषय यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका अन्य विषयहरु दुर्घटना बीमा निर्देशिका, २०७८ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

**१२) ब्याख्या तथा बाधा अड्चन फुकाउ :**

यस कार्यविधिमा उल्लेख भएका विषयको ब्याख्या तथा कार्यान्वयनमा आइपर्ने बाधा अड्चन फुकाउने अधिकार बीमा सिफारिस समितिलाई हुनेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा (२) को प्रयोजनको लागि)

मिति :............

श्री नार्पा भूमि गाँउपालिका
च्याँखु, मनाङ ।

विषय : जनप्रतिनिधि/कर्मचारी सामुहिक दुर्घटना बीमामा कार्यक्रमको लागि जनप्रतिनिधि/कर्मचारीहरुको नामावली पठाएको सम्बन्धमा ।

नार्पा भूमि गाँउ जनप्रतिनिधि/कर्मचारी सामुहिक दुर्घटना बीमा कार्यविधि, २०८१ बमोजिम यस गाँउपालिकामा हाल बहाल रहेका जनप्रतिनिधि/कर्मचारीहरुको सामुहिक दुर्घटना बीमा कार्यक्रममा सहभागी हुन आवेदन दिएका देहायका जनप्रतिनिधि/कर्मचारीहरुको प्राथमिकताक्रमको आधारमा नामावली पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

देहाय :-

| प्राथमिकता क्रम | जनप्रतिनिधि/कर्मचारीको नामथर | आमा बुवाको नाम थर | स्थायी ठेगाना | आवद्धता | जन्म मिति | नागरिकता नं. | जारी जिल्ला | प्यान नं. | मोवाइल नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**संलग्न :**

-नागरिकताको फोटोकपी-थान २/प्रति आवेदक

-पासपोर्ट साइजको फोटो थान २/प्रति आवेदक

-प्रेस काउन्सिल पास वा आवद्ध सञ्चारमाध्यमको परिचयपत्र थान २ /प्रति आवेदक

सूचना अधिकारी

अनुसूची-२

(दफा ३ को उपदफा (२) को प्रयोजनको लागि)

मिति :............

श्री जनप्रतिनिधि/कर्मचारी बीमा सिफारिस समिति,

च्याँखु, मनाङ ।

**विषय : जनप्रतिनिधि/कर्मचारी सामुहिक दुर्घटना बीमामा सहभागी गराइदिनुहुन ।**

त्यहाँ कार्यसमितिको समन्वय तथा नार्पा भूमि गाँउपालिकाको वित्तिय सहयोगमा नार्पा भूमि गाँउ जनप्रतिनिधि/कर्मचारी सामुहिक दुर्घटना बीमा कार्यविधि, २०८१ बमोजिम नार्पा भूमि गाँउपालिकामा हाल बहाल जनप्रतिनिधि/कर्मचारीहरुको सामुहिक दुर्घटना बीमा कार्यक्रम अन्तर्गत मलाई सहभागी गराईदिनुहुन देहायको कागजात संलग्न राखी निवेदन गर्दछु ।

देहाय :

१. नाम थर :....................................................

२. सदस्यता नं. .................................................

३. आवद्धता :..................................................

४) संलग्न :

नागरिकताको फोटोकपी-थान ३

पासपोर्ट साइजको फोटो -थान ३

वा एकमुष्ट निवेदन सूचना अधिकारीले प्रमाणित गरि पेश गर्न सक्नेछ ।

निवेदक

दस्तखत

## अनुसूची-३

(दफा ४ को उपदफा (२) को प्रयोजनको लागि)

मिति :................

श्री.......................................बीमा कम्पनी,

.....................................। (ठेगाना)

**विषय : प्रस्ताव पेश गर्ने सन्दर्भमा ।**

यस गाँउपालिकाको स्वीकृत वार्षिक कार्यक्रम र जनप्रतिनिधि/कर्मचारी सामुहिक दुर्घटना बीमा कार्यविधि, २०८१ बमोजिम मनाङ जिल्लामा जनप्रतिनिधि/कर्मचारीहरुको सामुहिक दुर्घटना बीमा गर्नुपर्ने भएको हुँदा देहाय बमोजिम प्रस्ताव पेश गर्नुहुन बीमा सिफारिस समितिको मिति ............................को निर्णयानुसार मिति ..............................भित्र यस कार्यालयमा देहायका विवरण संलग्न राखी प्रस्ताव पेश गर्नु हुन अनुरोध छ ।

देहाय :

१. कम्पनी विवरण

२. सामुहिक दुर्घटना बीमाले समेट्ने दुर्घटना तथा अन्य सुविधाहरु (रक्षावरण)

३. विमाङ्क शुल्क :

१००देखि-२०० जना सम्म

२००देखि-३०० जना सम्म

३००देखि-४०० जना सम्म

आज्ञाले,<br>
(शुसिल लम्साल)<br>
प्रमुख प्रशासकीय अधिकृत